(स्टेपलको लागि)

(Nepali)

# शिक्षा ब्यूरो

(कृपया आवेदन फारम भर्नु अगाडि निर्देशन नोटहरू ध्यान पूर्वक पढ्नु होला)

## किन्डरगार्टेन भर्नाको दर्ता प्रमाणपत्रकोलागि आवेदन

(अभिभावकहरूले **सेप्टेम्बर र नोभेम्बर2021को बीचमा 2022/23स्कुल वर्षको नर्सरी क्लास (K1)मा** पढ्ने आफ्ना बच्चा(हरू)कालागि आवेदन पेस गर्नु पर्दछ

# कृपया उपयुक्त बक्सामा गोलो लगाउनु होस्

### भाग I आवेदकको विवरणहरू (साधारणतया: आवेदक बच्चा को अभिभावक हुनु पर्दछ अथवा अन्य स्थितिमा भाग IIIमा उपयुक्त सहायक प्रमाणहरू सहित कृपया उल्लेख गर्नु होला)

* भर्ने विकल्प भएको

कार्यालय प्रयोजनकोलागि

1. शीर्षक* # 1 श्री 2 सुश्री 3 श्रीमती
2. अंग्रेजीमा नाम (पहिचान दस्तावेजमा उल्लेख गरिएकै क्रममा)
3. चिनियाँ भाषामा नाम
4. पहिचान दस्तावेजको प्रकार र नम्बर (कृपया निर्देशन नोटहरूको भाग B को अनुच्छेद 1.3मा उल्लिखित हेर्नुहोस्) # A HKID कार्ड नं: ( ) B अन्य पहिचान दस्तावेज: ____________ दस्तावेज न.: ____________
5. जन्मेको वर्ष Y
6. घरको ठेगाना फ्ल्याट तला ब्लक
   भवनको नाम
   इस्टेट/गाउँ
   सडकको नं र नाम
   डिस्ट्रिक्ट
   क्षेत्र(एरिया) # 1 HK 2 KLN 3 NT
7. पत्राचार ठेगाना HK मा (कृपया खाली छाड्नु होस् यदि घरको ठेगाना एउटै हो भने) फ्ल्याट तला ब्लक
   भवनको नाम
   इस्टेट/गाउँ
   सडकको नं र नाम
   डिस्ट्रिक्ट
   क्षेत्र(एरिया) # 1 HK 2 KLN 3 NT
8. स्थानीय सम्पर्क टेलिफोन नं (मोबाइल*) (घर)
   "आवेदनको प्राप्ति सूचना" पाउन

① A T X 4
⑤ F M
② H S N U

### भाग II बच्चा(हरु)को विवरणहरू

(किंडरगार्टन प्रवेशका लागि दर्ता प्रमाणपत्रको लागि आवेदन नदिएका र पहिल्ले नै आवेदन दिएका अन्य बच्चा(हरु)को लागि /किंडरगार्टन प्रवेश पास आवश्यक छैन)

1.a. अंग्रेजीमा नाम **(अनिवार्य)** (पहिचान दस्तावेजमा उल्लेख गरिएकै क्रममा)

b. चिनियाँ भाषामा नाम

c. पहिचान दस्तावेजको प्रकार र नम्बर (कृपया निर्देशन नोटहरूको भाग Bको अनुच्छेद 2.3मा उल्लिखित हेर्नुहोस्) # A HK जन्म प्रमाणपत्र न.: ( ) B HKID कार्ड न.: ( ) C अन्य पहिचान दस्तावेज: ____________ दस्तावेज न.: ____________

d. जन्म मिति Y M D

e. आवेदकसँगको सम्बन्ध # A सन्तान B अन्य (कृपया भाग IIIमा उपयुक्त सहायक प्रमाणहरू सहित उल्लेख गर्नु होला)

f. आवेदन गरेको स्कुल वर्ष (कृपया निर्देशन नोटहरूको भाग Bको अनुच्छेद 2.1मा उल्लिखित हेर्नुहोस्) # C 2022/23 स्कुल वर्ष E 2021/22 स्कुल वर्ष

g. आवेदन गरेको क्लास (विषय f मा छनोट भएको स्कुल वर्ष अनुरूप) # N नर्सरी क्लास (K1) L लोवर क्लास (K2) U अप्पर क्लास (K3)

③ A E S B F R C G 3 D H
⑥ 0 T V
⑧ F M

2.a. अंग्रेजीमा नाम **(अनिवार्य)** (पहिचान दस्तावेजमा उल्लेख गरिएकै क्रममा)

b. चिनियाँ भाषामा नाम

c. पहिचान दस्तावेजको प्रकार र नम्बर (कृपया निर्देशन नोटहरूको भाग Bको अनुच्छेद 2.3मा उल्लिखित हेर्नुहोस्) # A HK जन्म प्रमाणपत्र न.: ( ) B HKID कार्ड न.: ( ) C अन्य पहिचान दस्तावेजहरू: ____________ दस्तावेज न.: ____________

d. जन्म मिति Y M D

e. आवेदकसँगको सम्बन्ध # A सन्तान B अन्य (कृपया भाग IIIमा उपयुक्त सहायक प्रमाणहरू सहित उल्लेख गर्नु होला)

f. आवेदन गरेको स्कुल वर्ष (कृपया निर्देशन नोटहरूको भाग Bको अनुच्छेद 2.1मा उल्लिखित हेर्नुहोस्) # C 2022/23 स्कुल वर्ष E 2021/22 स्कुल वर्ष

g. आवेदन गरेको क्लास (विषय f मा छनोट भएको स्कुल वर्ष अनुरूप) # N नर्सरी क्लास (K1) L लोवर क्लास (K2) U अप्पर क्लास (K3)

④ A E S B F R C G 3 D H
⑦ 0 T V
⑨ F M

नमूना

नोट: यो फरम 1st सेप्टेम्बर 2021 देखि 31st अगस्ट 2022 सम्म मान्य रहन्छ र किन्टरगार्टेन भर्ना पासको आवेदनकोलागि पनि लागु रहन्छ।

## भाग III अन्य विशेष पारिवारिक जानकारी

यदि तपाईंले कुनै यस्तो बच्चा को भाग II भर्नु भएको छ जो तपाईंको आफ्नै सन्तान **होइन**, कृपया तपाईंको उक्त बच्चा सँगको सम्बन्ध उल्लेख गर्नुहोस्। कृपया पहिचान दस्तावेज र बच्चा को बुबा/आमाको अनुमति पत्रका प्रतिलिपिहरू पनि प्रदान गर्नुहोस्। यदि यस्ता दस्तावेजहरू प्रदान गर्न सक्नु हुँदैन, र उक्त बच्चा वर्तमानमा तपाईंकै अभिभावक्तमा रहेका छन् भने, कृपया उचित सहायक प्रमाणहरू प्रदान गर्नुहोस्।

बच्चा सँगको सम्बन्ध (कृपया उल्लेख गर्नुहोस्) ______________________________

कार्यालय प्रयोजनको लागि

⑩ 7

## भाग IV पत्राचारको भाषा

1. पत्राचारको भाषा # C चिनियाँ E अंग्रेजी

## भाग V उत्तरदायित्व र घोषणा

1. हङकङ विशेष प्रशासनिक क्षेत्रको सरकार (यस पश्चात् "HKSAR सरकार" भनी सम्बोधन गरिएको)ले किन्डरगार्टन (KG) शिक्षा नीति (यस पश्चात् "योजना" भनी सम्बोधन गरिएको)लाई 2017/18 स्कुल वर्षदेखि प्रभावकारी रुपमा लागु गरेको छ। HKSAR सरकारले एक "किन्डरगार्टेन भर्नाकोलागि दर्ता प्रमाणपत्र ("यस पश्चात् "RC" भनी सम्बोधन गरिएको) वा "किन्डरगार्टेन भर्ना पास" (यस पश्चात् "AP" भनी सम्बोधन गरिएको)लाई मेरो आश्रित(हरू) (जसको विवरण यस फारमको भाग IIमा प्रदान गरिएको छ)(यस पश्चात् व्यक्तिगत वा सामूहिक रुपमा "बच्चा" भनेर सम्बोधन गरिएको)कोलागि " योजना " अनुरूप विचार र प्रशोधन गर्ने भएकाले, म (जसको अर्थ, हस्ताक्षरकर्ता जसको विवरणहरू यस फारमको भाग Iमा प्रदान गरेको छु) यसै मार्फत तल खण्ड 2 देखी 10मा उल्लिखित बुझेको र स्वीकार्य रहेको जनाउँछु।

2. मैले "किन्डरगार्टेन भर्नाको दर्ता प्रमाणपत्र बारे निर्देशन नोटहरू" (यस पश्चात् "निर्देशन नोटहरू" भनेर सम्बोधन गरिने) ध्यान पूर्वक पढेको छु र पूर्ण रुपमा बुझेको छु। म यसै मार्फत घोषणा गर्दछु कि "निर्देशन नोटहरू" (जसलाई HKSAR सरकारले समय समयमा संसोधन गर्न सक्नेछ) मा उल्लेख गरिएका विनिर्देशहरूहरु तथा HKSAR सरकारद्वारा समय-समयमा जारी हुने RC र AP सँग सम्बन्धित आवेदन र प्रयोग बारे आवश्यकताहरू र विनिर्देशहरूको पालना गर्ने छु र बच्चा ले पालना गर्ने सुनिश्चित गर्नेछु।

3. RC वा AP यस "योजना" अन्तर्गतको एक योग्य स्थानीय गैर-नाफा मुलक KGहरूमा "योजना" अन्तर्गतको योग्य बच्चा बच्चा कोलागि मात्र लागु हुने कुरालाई म बुझ्दछु र यसमा म सहमत छु।

4. RC को वैध अवधि, सामान्यतया, 3 वर्षको मात्र हुने कुरा म बुझ्दछु। यदि अभिभावकहरूले व्यक्तिगत विचारले गर्दा आफ्नो बच्चाहरूलाई निश्चित स्तरमा तिनीहरूको अध्ययन दोहोर्याउन अनि KG शिक्षा प्राप्त गर्न 3 वर्ष भन्दा बढी लाग्ने व्यवस्था गर्दछन् भने (जस्तै, बच्चाको व्यक्तिगत अवस्था, पारिवारिक कारकहरू, स्कुलमा परिवर्तन, आदि), अभिभावकहरूले अनुदानको घटौती गर्नु अघिको सम्पूर्ण स्कुल फि भुक्तानी गर्नु पर्दछ। विशेष परिस्थितिहरूमा, अभिभावकहरूले RC को लागु अवधि बढाउन आवेदन दिन सक्ने छन्। विशेष शैक्षिक आवश्यकता भएका विद्यार्थीकोलागि मामलामा आधारित रहेर मात्र प्रत्येक RCको वैध अवधिलाई शिक्षा ब्युरो (EDB) ले विचार गर्नेछ। आवेदकले उपयुक्त प्रमाण प्रदान गर्नु पर्नेछ, जस्तै, उपयुक्त दर्ता भएका मेडिकल चिकित्सक वा व्यवसायी (उदाहरण, पिडिट्रिसियन, मनोचिकित्सक, शैक्षिक मनोवैज्ञानिक, क्लिनिकल मनोवैज्ञानिक, आदि) बाट एक जाँच रिपोर्ट जसले बच्चाको विशेष आवश्यकताहरूको र बच्चाको सामान्य तीन वर्ष भन्दा बढीको अवधिसम्म KG शिक्षा लिनु पर्ने आवश्यकताको पुष्टि गर्दछ।

5. म बुझ्दछु कि कुनै महिनालाई योजना-KG लाई अनुदान प्रदान गर्न, त्यस KG मा अध्ययनरत एक योग्य विद्यार्थीले त्यस महिनामा क्लासहरूमा अनिवार्य हाजिर भएको हुनु पर्नेछ। सामान्य रुपमा, यदि विद्यार्थीहरू स्कुलबाट एक पूर्ण महिनाभरी अनुपस्थित रहेमा (जसको अर्थ, कुनै विशेष महिनाको सबै स्कुल दिनहरूमा अनुपस्थित भएमा), त्यसा विद्यार्थीको सो महिनाको अनुदान सम्बन्धित KG लाई प्रदान हुने छैन; अभिभावकहरूले योजना अन्तर्गत बच्चा भर्ना भएको KG को "Fees Certificate"मा देखाइएको अनुदान भन्दा पहिलेको स्कुल फिहरूको पूर्ण भुक्तानी गर्नु पर्नेछ। यदि त्यस्तो कुनै विशेष परिस्थिति आएमा (जस्तै, बिरामी भएर महिनाभरीलाई अनुपस्थित भएमा), अभिभावकद्वारा त्यसको औचित्यहरू र दस्तावेजी प्रमाण (जसमा अनुपस्थित महिनाको सबै स्कुल दिनहरू समावेश भएको हुन्छ) प्राप्त भए पश्चात्, स्कुलले EDB बाट अनुदानकोलागि आवेदन दिन सक्छन्। हरेक मामलालाई व्यक्तिगत गुण अनुरूप विचार गरिने छ। तर, यदि पूर्ण-महिनाको अनुपस्थितिमा भ्रमण सम्मिलित भएमा, त्यस्ता मामलामा अनुदानको विचार हुने छैन।

6. यस आवेदनसँग सम्बन्धित रहेर मैले दिएका वा मेरो तर्फबाट राखिएका जानकारी, सहायक दस्तावेजहरू र प्रतिनिधित्व (यस पश्चात् सामूहिक रुपमा "जानकारी" भनेर सम्बोधन गरिने) सटीक र पूर्ण रहेको बारेमा यसै मार्फत उत्तरदायित्व र सुनिश्चितता प्रकट गर्दछु। म बुझ्दछु कि EDBले यस जानकारीले आवेदनलाई प्रशोधन गर्नेछ।

7. यदि (I) यस उत्तरदायित्व र घोषणामा जनाए अनुरूप कुनै पनि मैले दिएको वा मेरो तर्फबाट राखिएको प्रतिनिधित्व गलत वा भ्रामक रहेमा वा यदि मैले गलत दस्तावेज प्रदान गरिएको भएमा; वा (II) यदि मैले यस उत्तरदायित्व र घोषणाको कुनै पनि व्यवस्थालाई पालना गर्न नसकेमा, HKSAR सरकारसँग यस घोषणा र उत्तरदायित्व अन्तर्गत हुन सक्ने कुनै शक्तिहरू, अधिकारहरू र उपायहरू प्रति पक्षपात नगरी, HKSAR सरकारसँग यस आवेदनलाई तुरुन्तै खारेज गर्ने हकदारी रहेको छ वा, मामलाको अनुरूप, तुरुन्तै जारी भएको RC वा AP खारेज हुन सक्ने छ; र म कानुनी मुद्दा र/वा आपराधिक अभियोगको भागी हुन सक्ने छु।

8. म बुझ्दछु र सहमत छु कि:

   I. यस आवेदनको मार्फत प्रदान गरिएका व्यक्तिगत डाटा (मेरो र बच्चा को व्यक्तिगत डाटा सहित) को निम्न प्रयोग हुनेछ (i) यसमा प्रदान गरिएका जानकारीहरू र/वा यस आवेदनसँग सम्बन्धित भएका जानकारीहरूको प्रशोधन र प्रमाणित गर्न, (ii) शिक्षा-सम्बन्धित तथ्याङ्क र अनुसन्धान गर्न, र (iii) सोधपुछ सम्हाल्ने उद्देश्यमा;

   II. यस फारममा मबाट चाहिने व्यक्तिगत डाटाको व्यवस्था अनिवार्य छ, तर "वैकल्पिक" भनेर उल्लेख गरिएका जानकारी भने यसको अपवादमा पर्नेछ। यदि मैले आवश्यक पर्ने यस्ता जानकारीहरू वा सहयोगी दस्तावेजहरू (जस्तै, पहिचान दस्तावेजको प्रतिलिपि) प्रदान गर्न असफल भएमा मेरो आवेदन निलम्बन पर्न सक्ने छ वा खारेज हुन सक्ने छ;

   III. EDBले सङ्कलन गरिएको व्यक्तिगत जानकारी कुनै पनि व्यक्ति, कम्पनी, संस्था वा HKSAR सरकारको विभाग/ब्यूरो र बच्चा को भर्ना/सरुवा भएको KGs हरुलाई खुलासा गर्न सक्ने छ; म त्यस्ता संस्था वा HKSAR सरकारको सम्बन्धित विभाग/ब्यूरोलाई मेरो र/वा बच्चा को व्यक्तिगत डाटा EDB लाई माथिको अनुच्छेद (I)मा उल्लेख गरिएका कुनै पनि उद्देश्यको निम्ति खुलासा गर्न पनि सहमति दिन्छु;

   IV. म बुझ्दछु कि यस आवेदनसँग संलग्न भएका सबै दस्तावेजहरू फिर्ता लिन सकिने छैन। यद्यपि, व्यक्तिगत डाटा (गोपनियता) अध्यादेश (हङकङका कानुनहरूको अध्याय 486) को अनुसूची 1को भाग 18 र 22 तथा नियम 6 को अन्तर्गत रहेर, एक आवेदकसँग आफूले प्रदान गरेको डाटामा पहुँच गर्ने र सुधार गर्ने अधिकार रहेको छ। उनले/उसले आफ्नो व्यक्तिगत डाटाको प्रतिलिपि पनि प्राप्त गर्न सक्ने छन्, यस्ता अनुरोधलाई लिखित रुपमा EDB प्रति सम्बोधीत गर्नु परिने छ; र

   V. व्यक्तिगत जानकारी सम्बन्धी सोधपुछहरू, जसमा जानकारीमा पहुँच गर्ने र भुल सुधार गर्ने अनुरोध सङ्कलन सहितका विषयहरूकालागि, म EDB वेबसाइटको निम्न ठेगाना https://www.edb.gov.hk/en/privacy-policy/index.html मा रहेको "गोप्यता नीति"लाई साभार गर्ने छु।

9. यस उत्तरदायित्व र घोषणालाई हङकङको कानुन अन्तर्गत रहेर प्रशासन गरिने र व्याख्या गरिने छ, म र HKSAR सरकारले अपरिवर्तनीय रुपमा अनन्य क्षेत्राधिकार हङकङको अदालतहरूलाई प्रदान गर्नेछौं।

10. मैले यस उत्तरदायित्व र घोषणाको सबै व्यवस्थाहरू ध्यानपूर्वक पढेको छु र यस उत्तरदायित्व र घोषणाको अन्तर्गतका मेरा कर्तव्यहरू र दायित्वहरूलाई पूर्ण रुपमा बुझेको छु।

आवेदकको हस्ताक्षर: ______________________________

मिति: _ _ _ _ Y _ _ M _ _ D

⑪ 1

## आवेदन पेस गर्नु अघिको जाँच सूची

1. के आवेदन फारम सहि तरिकाले भरिएको छ र भाग V उत्तरदायित्व र घोषणामा रीत-पूर्वक हस्ताक्षर गरिएको छ? ☐
2. के तपाईंको पहिचानको दस्तावेजको प्रतिलिपिलाई संलग्न गरिएको छ? ☐
3. के सबै बच्चा(हरु)को पहिचानको दस्तावेजको प्रतिलिपि संलग्न गरिएको छ? ☐
4. यदि बच्चा तपाईंको सन्तान **होइन** भने, के तपाईंले बच्चा सँगको तपाईंको सम्बन्धलाई आवेदन फारमको भाग IIIमा उपयुक्त सहायक प्रमाणहरूले (पहिचानको दस्तावेज र बच्चा को बुबा/आमाको अनुमति पत्रको प्रतिलिपि) उल्लेख गर्नु भएको छ? ☐
5. के तपाईंले तपाईंको हङकङको पत्राचार ठेगाना प्रदान गर्नु भएको छ? ☐
6. डाकबाट आवेदन दिन, के तपाईंले EDB को ठिक पत्राचार ठेगाना (**P.O. Box 23179, Wan Chai Post Office, Hong Kong**) लेख्नु भएको छ र खाम बाहिर चिठीलाई मेलिङ गर्न पर्याप्त मूल्यको टिकट टाँस्नु भएको छ? कृपया कम भुक्तानी भएको चिठीहरू हङकङ पोस्टद्वारा खारेज गरिने कुरालाई ध्यान गर्नुहोस्। ☐
7. के तपाईंले पूरा भरिएको आवेदन फारमको एउटा फोटोकपी प्रतिलिपि राख्नु भएको छ? ☐